आज मिति २०७९ साल भाद्र २८ गते यस म्यागङ गाउँपालिकाका अध्यक्ष श्री आशा तामाङ ज्यूको अध्यक्षतामा बसेको म्यागङ गाउँपालिका कार्यपालिकाको बैठकमा निम्नानुसार पदाधिकारी सदस्यहरुको उपस्थिति भई निम्न अनुसार निर्णय गरियो।

१. अध्यक्ष- आशा तामाङ

२. उपाध्यक्ष- सीता तामाङ

३. सदस्य- जिमा बहादुर तामाङ

४. सदस्य- सन्द विर तामाङ

५. सदस्य- हरि बहादुर तामाङ

६. सदस्य- कमल बहादुर तामाङ

७. सदस्य- जित बहादुर तामाङ

८. सदस्य- हरि कुमार तामाङ

९. सदस्य- सरु घले

१०. सदस्य- टेक राज घले

११. सदस्य- सम्झना तामाङ

१२. सदस्य- सिंगराम घले

१३. सदस्य- गंगा तामाङ

१४. सदस्य- कमला तामाङ

१५. सदस्य सचिव- श्री रमेश सिङदन (प्रमुख प्रशासकीय अधिकृत)

<u>आमन्त्रित:</u>

१. बिरेन्द्र तामाङ (सूचना प्रविधि अधिकृत)

म्यागङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दैउराली, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

<u>प्रस्ताव नं. १</u> — <u>यस अधिको बैठकमा भएका निर्णयहरुको कार्यान्वयन समीक्षा</u>।

<u>निर्णय नं. १</u> — म्यागङ गाउँ कार्यपालिकाको यस अधिको बैठकमा भएका निर्णयहरुको कार्यान्वयन समीक्षा एवं प्रगति सम्बन्धमा समीक्षा गरियो।

<u>प्रस्ताव नं. २</u> — <u>प्रस्तावित मापदण्ड तथा निर्देशिका सम्बन्धमा</u>।

<u>निर्णय नं. २</u> — प्रस्ताव नं. २ उपर छलफल गर्दा विधेयक समिति संयोजक श्री सन्द विर तामाङबाट प्रस्तावित देहायको कार्यविधि, निर्देशिका र मापदण्ड प्रस्तुतीको लागि सर्व सम्मतीमा निर्णय गरियो।

१) म्यागङ गाउँपालिकाको सार्वजनिक खर्च सम्बन्धी मापदण्ड, २०७९
२) वैवाहिक सहयोग कार्यक्रम संचालन कार्यविधि, २०७९
३) गाउँपालिका अध्यक्ष स्व-रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७९

<u>प्रस्ताव नं. ३</u> — <u>बाख्रा प्रवर्द्धन कार्यक्रम, म्यागङ २ सम्बन्धमा</u>।

<u>निर्णय नं. ३</u> — प्रस्ताव नं. ३ उपर छलफल गर्दा प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम सर्शत अनुदान अन्तर्गतको बाख्रा प्रवर्द्धन कार्यक्रम, म्यागङ २ लाई श्री कृषि तथा पशुपंक्षी विकास मन्त्रालय बाट जारी स्थानीय तहमा विनियोजन सर्शत अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ बमोजिम कार्यान्वयन प्रकृया अघि बढ्ने भनी निर्णय गरियो।

<u>प्रस्ताव नं. ४</u> — <u>सामाजिक सुरक्षा नविकरण सम्बन्धमा</u>।

<u>निर्णय नं. ४</u> — प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस आर्थिक बर्षको सामाजिक सुरक्षा लाभग्राहीहरुको सूची नविकरण सम्बन्धमा यही मिति २०७९ भाद्र मसान्त सम्ममा मात्र रहेको जानकारी गर्ने गराउने कार्य गरियो सो सम्बन्धमा समय अवधि भित्र नविकरणको लागि सबै कार्यपालिका सदस्यबाट सहजीकरण गर्ने भनी निर्णय गरियो।

<u>प्रस्ताव नं. ५</u> — <u>आ.व. २०७८/०७९ को महालेखा परिक्षकको प्रतिवेदन सम्बन्धमा।</u>

**<u>निर्णय नं. ५</u>** - प्रस्ताव नं. ५ उपर छलफल गर्दा महालेखा परिक्षकबाट आ.व. २०७८/०७९ को हिसाव खाता परिक्षण पछि प्राप्त प्रारम्भिक प्रतिवेदनमा उल्लेखित बेरुजुहरुको बारेमा जानकारी प्राप्त भयो। असुल उपर गर्नुपर्ने बेरुजुहरु समय मै असुल उपर गरी तथा नियमित गर्नु पर्ने विषयहरु नियमति गरी समपरिक्षण गर्ने भनी सर्वसम्मतमा निर्णय गरियो।

<u>प्रस्ताव नं. ६</u> — <u>आ.व. २०७९/०८० मा मेड्पा कार्यक्रम संचालन सम्बन्धमा।</u>

<u>निर्णय नं. ६</u> - प्रस्ताव नं. ६ उपर छलफल गर्दा यस आर्थिक बर्ष २०७९/८० मा मेड्पा कार्यक्रम संचालन गर्नका लागि प्रस्तावित बजेटलाई सर्व सम्मतमा पारित गर्ने भनी निर्णय गरियो।

## प्रस्तावित खर्चको सारांश

| क.सं. | विवरण | कार्यक्रम खर्च | बजेट सीमा | बजेट प्रतिशत |
|---|---|---|---|---|
| | नयाँ उद्यमी सिर्जना तर्फ | २३,८०,००० | | |
| १. | उद्यम विकासका लागि सामाजिक परिचालन | २०,८०० | ३% | २.८६% |
| | सहभागितात्मक ग्रामीण लेखाजोखा तथा घरधुरी सर्वेक्षण | ४१,६०० | | |
| | लघुउद्यमी समुहको गठन तथा क्षमता विकास | ५,६०० | | |
| | सामाजिक परिचालन कुल खर्च | ६८,००० | | |
| २. | उद्यशीलता विकास तालिम | २,०४,००० | ७-९% | ८.५७% |
| ३. | प्राविधिक सीप विकास तालिम | ७,३१,८०० | ३५-४१% | ३०.७५% |
| ४. | प्राविधिक हस्तान्तरण | ३,६०,००० | १५-१८% | १५.१३% |
| ५. | वित्तीय सेवामा पहुँच | ४७,२०० | ३-४% | १.९८% |
| ६. | बजारीकरणमा सहयोग | ६९,८०० | ३-५% | २.९३% |
| ७. | जनशक्ति परिचालन सम्बन्धि खर्च | ८,९९,२१६ | २४-३३% | ३७.७८% |
| | नयाँ उद्यमी सिर्जना तर्फ कुल कार्यक्रम खर्च | २३,८०,०१६ | १०० | १०० |
| | पुराना उद्यमी स्तारोन्नती तर्फ | ६,२०,०० | | |
| १. | पुराना उद्यमीको स्तारोन्नती तर्फ | ४,८०,००० | - | ७७.४१ |
| २. | २ वटा समुहमा सहयोग कार्यक्रम | १,४०,००० | - | २२.५८ |
| | पुराना उद्यमी स्तारोन्नतीको कुल खर्च | ६,२०,०००/- | | १०० |
| | कुल खर्च | ३०,००,०००/- | | |

<u>प्रस्ताव नं. ६</u> — <u>सर्वसम्मतले पारित सम्बन्धमा।</u>

<u>निर्णय नं. ६</u> - प्रस्ताव नं. ६ उपर छलफल गर्दा प्रस्तावित सम्पूर्ण प्रस्तावहरु सर्वसम्मतले पारित गर्ने निर्णय गरियो।